## आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १८ फरवरी २०२५

समयः १८:५० - १६:०० बजे

**मुख्य समाचार**

- मुख्यमन्त्री ममता व्यनार्जीले प्रयागराजमा हिन्दूहरूको आस्थाको महान् पर्व महाकुम्भलाई 'मृत्यु कुम्भ' भनेर वर्णन गर्नु भएको छ।

- जीटीएका प्रमुख कार्यपाल अनित थापाले श्रममन्त्री मलय घटकसँग भेट गरेर चियाबगानवासीलाई दिइने 'जस्ताको त्यस्तै' जमीनको पट्टा विषय चर्चा गरेको जानकारी प्राप्त भएको छ।

- दार्जिलिङका सांसद राजु विष्टले ओडिसाको एउटा कलेजको होस्टलमा मृत अवस्थामा फेला परेकी नेपाली छात्राको परिवारप्रति गहिरो शोक प्रकट गर्नु भेको छ I

- पश्चिम बंगाल विधान सभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारी विरुद्धको अधिकार हननको प्रस्ताव छानबिनको लागि विशेषाधिकार समितिमा पठाइएको छ।

- केन्द्रीय जाँच ब्यूरोले 2021 देखि जर्मन नागरिकहरूलाई लक्षित गर्दै आएको साइबर अपराध नेटवर्कलाई समाप्त गर्न कारबाही गरेको छ।

**ममता व्यानर्जी – महाकुम्भ**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले महाकुम्भको बारेमा विवादास्पद बयान दिनु भएको छ। मुख्यमन्त्री ममता व्यनार्जीले प्रयागराजमा हिन्दूहरूको आस्थाको महान् पर्व महाकुम्भलाई 'मृत्यु कुम्भ' भनेर वर्णन गर्नु भएको छ। उहाले अब यो महाकुम्भ रहेन, यो 'मृत्युंजय कुम्भ' मा परिणत भएको छ। महाकुम्भको समयमा हालै भएका भागदौडका घटनाहरूलाई उल्लेख गर्नु हुदै मुख्यमन्त्री ममता बनर्जीले आज यस धार्मिक कार्यक्रममा ठूलो मात्रामा अव्यवस्थाका कारण धेरै मानिसहरूले ज्यान गुमाउनु परेको बाताउनु हुदै यो घटना अत्यन्तै दुःखद र चिन्ताजनक रहेको बताउनु भएको छ। मुख्यमन्त्रीले आज विधानसभामा महाकुम्भको सुरक्षा व्यवस्थामाथि पनि प्रश्न उठाउनु भयो। उहाले भन्नु भयो, राज्य सरकारले भक्तहरूको ज्यान नजाओस् र कार्यक्रम शान्तिपूर्ण रूपमा सम्पन्न होस् भनेर पहिले नै उचित व्यवस्था गर्नु पर्ने थियो । उहाले महाकुम्भमा भी.आई.पी.हरूलाई विशेष सुविधा दिइँदै गर्दा आम भक्तहरूले धेरै कठिनाइ भोगिरहेको आरोप लगाउनु भयो।

****** ० ******

**अनित – पर्जा पट्टा**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) का प्रमुख कार्यपाल अनित थापाले पश्चिम बंगालका श्रममन्त्री मलय घटकसँग भेट गरेर चियाबगानवासीलाई दिइने 'जस्ताको त्यस्तै' जमीनको पट्टा विषय चर्चा गरेको जानकारी प्राप्त भएको छ। जीटीए प्रमुख अनित थापाले आज एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै भन्नु भएको छ , 'हाम्रो विमर्शमा जस्ताको त्यस्तै जमीनको सर्वेक्षणको नोटिस विषयमाथि चर्चा भयो। त्यही नोटिस अनुरुप सर्वेक्षण पनि चलेको थियो। मैले उहालाई एउटा ज्ञापन पत्र पनि चढाएको छु।'श्री थापाले , 'ज्ञापनमा मैले मन्त्रालयले जस्ताको त्यस्तै आधारमा जगाको पट्टा वितरण सम्बन्धि एक स्पष्ट अधिसूचना जारी गर्नु पर्ने। यो अधिसूचनाले (नयाँ) जीटीए क्षेत्रका चिया बगानहरूमा बसोबास गर्ने बासिन्दाहरूलाई कुनै पनि क्षेत्रफल सीमाको सन्दर्भ बिना 'जस्ताको त्यस्तै' आधारमा र पारदर्शी तरिकाले पट्टा वितरण गर्ने सुनिश्चितता दिनुपर्ने माग गरेको बताउनु भएको छ। उहाले यस विषयमा स्पष्ट अधिसूचना नआएसम्म गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन अन्तर्गतका चिया बगान क्षेत्रहरूमा हाल चलिरहेको भूमि सर्वेक्षण कार्य रोक्न निर्देशन दिन अनुरोध गरेको पनि बताउनु भएको छ।

****** ० ******

**राजु विष्ट – ओडीशा**

दार्जिलिङका सांसद राजु विष्टले ओडिसाको एउटा कलेजको होस्टलमा मृत अवस्थामा फेला परेकी नेपाली छात्राको परिवारप्रति गहिरो शोक प्रकट गर्नु भेको छ I उहाले एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै दार्जिलिङ पहाड, तराई अनि डुवर्सका जनताको पक्षबाट मृतकको परिवारप्रति शोक प्रकट गर्नु भएको छ I श्री विष्टले भन्नु भएको छ, त्यहाँ अध्ययनरत विद्यार्थीहरूबाट रिपोर्ट प्राप्त भएपछि, मैले केन्द्रीय शिक्षामन्त्री श्री धर्मेन्द्र प्रधान र ओडिशाका मुख्यमन्त्री मोहन चरण माझीलाई सम्पर्क गर्दै, स्वर्गीय प्रकृति लम्सालको लागि न्याय सुनिश्चित गर्न हस्तक्षेपको लागि अनुरोध गरेको छु। यसका साथै उहाले विश्वविद्यालयको प्रतिक्रियाको निष्पक्ष अनुसन्धानको लागि अनुरोध गरेको बताउनु भएको छ ।

****** ० ******

**शुभेन्दु विधान सभा**

पश्चिम बंगाल विधान सभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारी विरुद्धको अधिकार हननको प्रस्ताव छानबिनको लागि विशेषाधिकार समितिमा पठाइएको छ।तृणमूल कांग्रेसका तीन मन्त्रीहरुले शुभेन्दु अधिकारीको आचरणको आलोचना गर्दै प्रस्ताव ल्याईएको थियो। स्पीकर बिमान बन्दोपाध्यायले शुभेंदु अधिकारीलाई चेतावनी दिंदै सदनको कारवाही बारे बाहिर चर्चा र आलोचना गरिनु उचित होईन भन्नुभयो। यसै बीच, भाजपा विधायकहरु हिजो विपक्षका नेता शुभेन्दु अधिकारी समेत 4 विधायकहरुको निलम्बन बिरुद्ध विधानसभा बाहिर धर्नामा बसे। शुभेन्दु अधिकारीले भन्नुभयो यो पाँचौ पल्ट हो जब उँहा विरुद्ध अधिकारहरुको हननको नोटिस जारी गरिएको छ।

****** ० ******

**सीबीआई - साइबर अपराध छापे**

केन्द्रीय जाँच ब्यूरोले 2021 देखि जर्मन नागरिकहरूलाई लक्षित गर्दै आएको साइबर अपराध नेटवर्कलाई समाप्त गर्न कारबाही गरेको छ। यस सम्बन्धमा, ब्यूरोले 14 देखि 17 फेब्रुअरी सम्म दिल्ली, कोलकाता र सिलिगुडीमा 6 स्थानहरुमा छापा मारेको थियो। जर्मन अधिकारीहरूसितको निकट समन्वयमा चलिरहेको कारबाहीको चौथो चरण अन्तर्गत यो अभियान सञ्चालन गरिएको थियो। खोजीकारबाहीको क्रममा, एजेन्सीले सिलगढीबाट एक अभियुक्तलाई पक्राउ गरेको छ।छापामारीको बेला सात मोबाइल फोन, एक लैपटप र अपराधसित सम्बंधित आपत्तिजनक दस्तावेज बरामद गरिएको छ। ब्यूरोले पश्चिम बंगालको दार्जिलिंगमा आरोपीहरु द्वारा संचालित एक अवैध कल सेन्टरको पनि खुलासा गरेको छ।खोजी कार्वाहीको बेला, आपत्तिजनक डिजिटल साक्ष्य भएको कंप्यूटर सिस्टमको 24 हार्ड डिस्क पनि बरामद गरिएको छ।

-
****** ० ******

**हर्षवर्धन श्रृंगला**

भारतको पूर्व विदेश सचिव तथा अमेरिकाका लागि भारतीय राजदूत हर्षवर्धन श्रृंगलाले प्रधानमन्त्री नरेन्द्र मोदीको हालैको अमेरिका भ्रमणले व्यापारलाई मात्र नभएर समग्र द्विपक्षीय सम्बन्धलाई मजबुत बनाउन सहयोग गर्ने बताउनु भयो। उहाले विश्व युगको अन्त्य र व्यापार संगठनको नीति परिवर्तन भएको पनि बताउनु भएको छ। उहाले अमेरिकाले पारस्परिक व्यापार नीति अपनाउन थालेको बताउनु भयो। उहाले राष्ट्रपति डोनाल्ड ट्रम्पको भन्सार नीति सबै मित्र र प्रतिस्पर्धी राष्ट्रहरूका लागि समान रहने बताउनु भएको छ।

****** ० ******

**पार्थ च्याटर्जी- जेल**

पश्चिम बंगालका पूर्व मन्त्री पार्थ च्याटर्जीलाई अस्पतालबाट छुट्टी दिएपछि आज फेरी प्रेसिडेन्सी जेल पठाइएको छ। शिक्षक भर्ती घोटालाका आरोपी पार्थ चटर्जी विगत अढाई वर्षदेखि जेलमा छन् र स्वास्थ्य बिग्रिएपछि हालै अस्पतालमा भर्ना भएका थिए। जनवरी २० मा, जेलमा उनको स्वास्थ्य अचानक बिग्रिएपछि उनलाई एस.एस.के.एम अस्पतालमा भर्ना गरिएको थियो। तर, त्यहाँको उपचारबाट असन्तुष्ट हुँदै उनले अदालतसँग निजी अस्पतालमा भर्ना हुन अनुमति मागेका थिए। एसएसकेएम अस्पतालको मेडिकल रिपोर्ट हेरेपछि अदालतले उनलाई सम्पूर्ण खर्च आफै वेहोर्नु पर्ने शर्तमा निजी अस्पतालमा उपचार गर्ने अनुमति दिएको थियो।

****** ० ******

**कालचिनी- दुर्घटना**

कालचिनी ब्लकमा भएको दुई अलग-अलग सड़क दुर्घटनामा दुईजना मानिसको मृत्यु भएको छ। पहिलो घटना हासीमारा सुभाषिनी क्षेत्रमा भएको हो भने दोस्रो घटना राजाबातखावा चिया बगानको जसपुर लाइनमा भएको हो। पुलिस सूत्र अनुसार कामाखागुड़ी निवासी दीपांकर सरकार कामको निम्ति बिहान घरबाट हिँड़ेका थिए। यसै क्रममा तिनलाई हासीारा सुभाषिनी मैदानमा एउटा कारले ठक्कर दिएको थियो I उनलाई स्थानीय मानिसहरूको सहयोगमा लताबाड़ी ग्रामीण अस्पतालमा पुऱ्याइयो जँहा चिकित्सकले मृत घोषित गरिदिए। अर्कोतिर कालचिनी ब्लकको भातखावा चिया बगानको जसपुर लाइनमा स्कुटी अनियन्त्रित भएर दुर्घटनाग्रस्त हुँदा एक  युवक नोनित नित उरावँको घटनास्थलमै मृत्यु भएको जानकारी प्राप्त भएको छ । हाल पुलिसले दुवै शवलाई उद्धार गरी पोस्टमर्टमको लागि पठाएर घटनाको जाँच शुरू गरेको छ।

****** ० ******

**जीटीए आइडल – कैजले**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सुचना एवम् सांस्कृतिक विभागको मुख्य आयोजनामा जारी एकल नेपाली गायन प्रतियोगिता जीटिए आइडलको अडीशन रेलिङ कैंजले समष्टिमा सम्पन्न भयो । स्थानीय कैँजले पञ्चवटी भवनमा भएको अडिसनमा क्षेत्रीय सभासद सतिश पोखरेल प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो । कार्यक्रममा बरिष्ठ गायक पवन गोले,हिरा रसाइली, प्रदिप छेत्री निर्णायकको रूपमा उपस्थित थिए भने  जूरीहरूमा गायक तथा सङ्गीतकार अनिल फागो, गायक सुमन सुब्बा, भरत खाती, सुभाष खालिङ, ज्ञानचन्द्र लामा, गोपाल बुढाथोकी,मुधुकुमार सुब्बा आदि उपस्थित थिए। समष्टि स्तरीय अडिशनमा  40 जना प्रतियोगितीहरूले भाग लिएका थिए  भने अभिनय खाती अघिल्लो चरणमा पुग्न सफल भएका छन् I

****** ० ******

**सर्वोदय संघ – बिजनबारी**

बिजनबारी खण्ड अन्तर्गत नयाँ नोर ग्राम पंचायतको सुन्तले बस्तीमा  सर्वोदय संघको स्वर्ण जयन्ती भव्यताको साथमा पालन गरियो  । संघका संस्थापक  एम बहादुर रायमाझीको प्रमुख आतिथ्य अनि संघका  सभापति तिलक गुरुङको सभाध्यक्षता सम्पन्न भएको कार्यक्रममा दिवंगत संस्थापक सदस्यहरुको प्रतिकृतिमा खदार्पण अनि दिप प्रज्वलन गर्दै एक मिनेटको मौन धारण गरियो। कार्यक्रमलाई सम्बोधन गर्नु हुदै संघका सचिव गङ्गा प्रधानले वर्ष  १९७४ मा स्थापना भएको सर्वोदय संघले ५० वर्षको यात्रा तय गरेकोमा अग्रज संस्थापक सदस्यहरु प्रति आभार प्रकट गर्दै संघले समाजको हरेक कार्यहरुलाई अघि बढाएर लाने कुरोमा जोड दिनु भयो । कार्यक्रममा संघका संस्थापकद्वय गोपाल गुरुङ अनि एम०बहादुर रायमाझीलाई सम्बर्द्धना जनाइयो। कार्यक्रममा कलाकारहरुले  रंगरंग प्रस्तुति पनि दिएका थिए I

****** ० ******